# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३] काठमाडौं, भाद्र १० गते २०२० साल [अतिरिक्ताङ्क १३


**श्री ५ को सरकार**

## कानून तथा न्याय मन्त्रालय

**श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

२०२० सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

केही फौज्दारी मुद्दा खारेज गर्न र दण्ड सजाय मिनाहा दिन बनेको ऐन

प्रस्तावनाः– प्रचलित मुलुकी ऐनको कानूनी व्यवस्थामा समयोचित सुधार गर्न सो ऐनको वृहत् संशोधन र एकीकरण भै २०२० साल भाद्र १ गतेदेखि लागू हुने गरी नयां मुलुकी ऐन जारी भैसकेको, र

सो बमोजिम जारी भएको मुलुकी ऐनले धार्मिक एवं सामाजिक विचारधारा, चेतना र मान्यताहरूमा समयको प्रभावले आएको परिवर्तनको सन्दर्भमा कतिपय मौलिक महत्वपूर्ण एवं समयोचित सुधारहरूको कानूनी व्यवस्थाका साथै कामको प्रकृति र अवस्थाका आधारमा अपराध र सजायको पुनः मूल्याङ्कन र पुनः निर्धारणसमेत गरेको, र



५७७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसरी मुलुकी ऐनको रूपमा व्यक्त भएको हाम्रो राष्ट्रिय नीति एवं आकांक्षा र राष्ट्रले अपनाएको धार्मिक एवं सामाजिक आचारका उदारवादी सिद्धान्तहरूको सन्दर्भमा २०२० साल भाद्र १ गतेभन्दा अघि भए गरेका काम कुराका सम्बन्धमा धर्म, जात वा जातिको संकीर्ण आधारमा रहेको भेदभाव पूर्ण कानूनी व्यवस्था र त्यसको कानूनी परिणामलाई पूर्ववत् रूपमा कायम राख्न उचित नदेखिने हुँदा त्यस सम्बन्धमा यथाशीघ्र आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ।

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "केही फौज्दारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०" रहेकोछ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः—

(क) "साबिकको मुलुकी ऐन" भन्नाले २०२० साल भाद्र १ गतेभन्दा अघि लागू रहेको मुलुकी ऐन सम्झनु पर्छ,

(ख) "मुद्दा मामिला" भन्नाले सबै किसिमको अदालती कारवाई सम्झनु पर्छ,

(ग) "अदालत" भन्नाले मुद्दा हेर्न कानून बमोजिम अधिकार पाएको अड्डा अफिस वा अधिकारीसमेतलाई सम्झनु पर्छ।

३. मुद्दा नचल्नेः– (१) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा यो ऐन प्रारम्भ भएपछि साबिकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लगाई कुनै मुद्दा मामिला चलाइने र कारवाइ गरिने छैन।

(२) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा साबिकको मुलुकी ऐन अन्तर्गतको कुनै अपराधको अभियोग लगाई यो ऐन प्रारम्भ हुँदाका बखत कुनै मुद्दा मामिला दायर भएको वा चलिरहेकोमा यो ऐन प्रारम्भ भएपछि त्यस्ता सबै मुद्दा मामिला जुनसुकै तहमा भए पनि स्वतः खारेज भएको मानिनेछ।

४. सजाय मिनाहा दिनेः– (१) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा साबिकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लागी अदालतबाट कसूरदार ठहराई यो ऐन प्रारम्भ हुंदाका बखत सजाय भोगिरहेको व्यक्तिले भुक्तान गर्न बांकी भएजति सजाय सबै यो ऐन प्रारम्भ भएपछि स्वतः मिनाहा भएको मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध नठहरिने कुनै काम कुरामा साबिकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लागी अदालतबाट कसूरदार ठहराई यो ऐन प्रारम्भ हुंदाका बखत सजायको फैसला वा आदेश भैसकेकोमा यो ऐन प्रारम्भ भएपछि सो सजाय सबै स्वतः मिनाहा भएको मानिनेछ ।

(३) कुनै काम कुरामा साबिकको मुलुकी ऐन अन्तर्गत कुनै अपराधको अभियोग लागी अदालतबाट कसूरदार ठहराई यो ऐन प्रारम्भ हुंदाका बखत कुनै व्यक्तिले सजाय भोगिरहेको वा निजलाई सजाय हुने गरी फैसला वा आदेश भइरहेकोमा त्यस्तो काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन अन्तर्गत पनि अपराध ठहरिने रहेछ र त्यसमा साबिकको मुलुकी ऐन बमोजिम भएको सजायभन्दा अनुसूचीमा उल्लेख भएका नेपाल ऐनमा कम सजाय तोकिएको रहेछ भने सो बढी भएजति सजाय स्वतः मिनाहा भएको मानिनेछ ।

५. अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम सजाय गर्नेः– (१) साबिकको मुलुकी ऐन अन्तर्गत अपराध ठहरिने कुनै काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन अन्तर्गत पनि अपराध ठहरिने रहेछ भने सम्वत् २०२० साल भाद्र १ गतेभन्दा अघि गरे भएको त्यस्तो अपराधमा समेत अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिमको सजाय हुनेछ ।

तर :–

(क) साबिकको मुलुकी ऐनले तोकेको सजायभन्दा अनुसूचीमा उल्लेख भएका नेपाल ऐनमा बढी सजायको व्यवस्था भएको रहेछ भने यस उप-दफा बमोजिम सजाय तोक्दा साबिकको मुलुकी ऐनले तोकेको सजायमा नबढाई सजाय तोकिनेछ ,

(ख) साबिकको मुलुकी ऐनमा दण्ड जरिवाना वा कैद नतोकी अरू नै किसिमको सजायको व्यवस्था भएकोमा उप-दफा (२) बमोजिम गर्नुपर्छ ।

(२) यो ऐन प्रारम्भ भएपछि देहायमा लेखिएको कुनै किसिमको सजाय वा आदेश दिइने वा कार्यान्वित गरिने छैन :–

(क) मुड्ने,
(ख) खोप्ने,
(ग) दामल गर्ने,
(घ) जात पतित गर्ने,
(ङ) अभक्ष खुवाउने,
(च) जनै झिकिदिने,
(छ) टाङ्गुनी छिराउने,
(ज) पैताला चटाउने,
(झ) पतिया वा प्रायश्चित गराउने,

७६६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) तीर्थ घुम्नु पर्ने, र

(ट) गाउँ वा शहर बाहिर निकाला गर्ने।

तरः– (क) त्यस्तो कुनै सजायमा दण्ड जरिवाना, कैद वा अरू कुनै प्रकारको आर्थिक दायित्वसमेत गाभिएको वा निहित रहेको भए त्यस्तो दण्ड जरिवाना, कैद वा आर्थिक दायित्वबाट कसूरदारले छुट्कारा पाएको मानिने छैन र उप-दफा (१),दफा ३ र दफा ४ का अधीनमा रही त्यस सम्बन्धमा निजलाई कानून बमोजिम सजाय गरी त्यस्तो सजाय असूल उपर गरिनेछ।

(ख) त्यस्तो सजायको व्यवस्था गर्न कानूनमा त्यस्तो सजायका साथै विकल्पको रूपमा कैद, दण्ड जरिवाना वा अरू कुनै आर्थिक दण्ड सजाय वा दायित्वको समेत व्यवस्था भएको रहेछ भने त्यस्तो सजायको सट्टा कसूरदारलाई उप-दफा (१) दफा (३) र (४) का अधीनमा रही सो कैद, जरिवाना वा दण्ड सजाय वा दायित्व हुनेछ।

६. केही अपराध र मुद्दाहरूका सम्बन्धमा विशेष व्यवस्थाः– (१) दफा ३ को उप-दफा (२) मा जेसुकै कुरा लेखिएको भए तापनि साविकको मुलुकी ऐन बमोजिम कुनै फौजदारी अभियोग लगाई कुनै व्यक्ति उपर मुद्दा चलिरहेकोमा सो मुद्दा परेका कुराहरू मध्ये कुनै कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम अपराध ठहरिने र कुनै कुरा त्यस्तो अपराध नठहरिने रहेछ भने त्यस्तो अपराध ठहरिनेजति काम कुराका सम्बन्धमा मुद्दा खारेज नगरी कानून बमोजिम कारवाइ गर्नुपर्छ।

(२) दफा ४ को उप-दफा (१) र उप-दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि साविकको मुलुकी ऐन अन्तर्गत कुनै फौजदारी अपराधको कसूर ठहरी सो बापत कुनै व्यक्तिले सजाय भोगिरहेका वा निजका विरुद्ध सजायको फैसला वा आदेश भएकोमा सो अपराध ठहरेमध्येको कुनै काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐन बमोजिम पनि अपराध ठहरिने र कुनै काम कुरा त्यस्तो अपराध नठहरिने रहेछ भने त्यस्तो अपराध ठहरिनेजति काम कुराका सम्बन्धमा सो उप-दफाहरू बमोजिम सजाय मिनाहा हुनेछैन।

अनुसूची

१. २०२० साल भाद्र १ गतेदेखि लागू हुने गरी जारी भएको मुलुकी ऐन।

२. जुवा ऐन, २०२०।

३. सवारी ऐन, २०२०।

४. रेल्वे ऐन, २०२०।

लालमोहर सदर मितिः– २०२०।५।१०।२

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।